Australian Government

myagedcare

Support at Home

Nepali | नेपाली

तपाईंको मूल्याङ्कनको परिणाम प्राप्त गर्नुहोस् | सेवाहरू विनियोजित हुन पर्खनुहोस् | घरमै सहायता (Support at Home) प्रदायक फेला पार्नुहोस् | **सेवा सम्झौता गर्नुहोस्** | तपाईंका सेवाहरू व्यवस्थापन गर्नुहोस्

# घरमै सहायता (Support at Home) सेवा सम्झौता गर्दा

## सेवा सम्झौता भनेको के हो?

तपाईंको घरमै सहायता (Support at Home) सेवा सम्झौता तपाईं र तपाईंले रोज्नुभएको घरमै सहायता प्रदायक बीचको कानुनी दस्तावेज हो। सेवा सम्झौताले अधिकार र जिम्मेवारीहरू र तपाईंलाई प्रदान गरिने सेवाहरूको रूपरेखा प्रस्तुत गर्दछ।

घरमै सहायता (Support at Home) सेवाहरू प्राप्त गर्नु अघि तपाईंले आफ्नो प्रदायकसँग सेवा सम्झौता गर्नुपर्छ।

तपाईंको प्रदायकले तपाईंसँग सम्झौता तयार गर्नेछ। यसले निम्न कुराहरू उल्लेख गर्नुपर्छ:

- कुन सेवाहरू प्रदान गरिनेछ?
- तपाईंको सेवाहरू कसरी प्रदान गरिनेछ?
- प्रत्येक सेवा कसले प्रदान गर्नेछ?
- प्रत्येक सेवाको शुल्क कति लाग्नेछ?
- योगदान रकम तर्नि तपाईंको सम्झौता।

यदि तपाईंको हेरचाहमा समयसँगै परिवर्तन आवश्यक छ भने तपाईं र तपाईंको प्रदायकले तपाईंको सेवा सम्झौताको समीक्षा गर्न सक्नुहुन्छ।तपाईंले कुनै पनि समयमा आफ्नो सेवा सम्झौतामा परिवर्तनहरूको लागि अनुरोध गर्न सक्नुहुन्छ।

तपाईंको सेवा सम्झौता बुझ्न तपाईंको प्रदायकले तपाईंलाई मद्दत गर्नुपर्छ। यसमा निम्न कुराहरू समावेश छ:

- सम्झौताको विवरण
- सेवाहरू कसरी रद्द गर्ने वा पुन: मिलाउने
- प्रदायकको मूल्य निर्धारण तालिका र सहमत मूल्य वृद्धि
- तपाईंको योगदान रकम कसरी तर्नि (यदि लागू भएमा)
- र उजुरी कसरी गर्ने।

तपाईंको प्रदायकले एजकेयर आचार संहिता र अधिकारको विवरण (Statement of Rights) पनि समावेश गर्नुपर्छ ।

तपाईंले निम्नबाट सहयोग लिन सक्नुहुन्छ:

- परिवार, साथी वा हेरचाहकर्ता
- **1800 700 600** मा फोन गरेर वा **OPAN.org.au** मा गएर **वृद्ध व्यक्तिको वकालत सञ्जाल (Older Persons Advocacy Network)** (OPAN) जस्ता वकालतकर्ता सँग सम्पर्क गर्न सक्नुहुन्छ।
- स्वतन्त्र कानुनी सल्लाहको लागि एक वकिल।

सेवा, मूल्य वा योगदान रकम सुरु हुनु वा परिवर्तन हुनुभन्दा अगाडि नै तपाईंको प्रदायकले तपाईंको मन्जूरी र सहमति लिनुपर्छ। तपाईं र तपाईंको प्रदायक दुवैले सेवा सम्झौतामा हस्ताक्षर गर्नुपर्छ, र तपाईंलाई हस्ताक्षर गरिएको सेवा सम्झौताको प्रतिलिपि दिइनुपर्छ।

## त्रैमासिक बजेट भनेको के हो?

तपाईंको घरमै सहायता (Support at Home) वर्गीकरणको आधारमा तपाईंलाई कोष रकम विनियोजन गरिनेछ। यसमा निरन्तर सेवाहरूको वर्गीकरण र छोटो अवधिको मार्गहरूको लागि स्वीकृति समावेश हुन्छ। जारी वर्गीकरणको लागि, कोष रकमलाई 4 त्रैमासिक बजेटमा विभाजन गरिनेछ जस्ले प्रत्येक 3 महिना समेट्नेछ।

तपाईंको त्रैमासिक बजेट निम्न मिलेर बनेको हुन्छ:

- सरकारी अनुदान (अष्ट्रेलिया सरकारले तर्नि रकम)
- तपाईंको योगदान रकम (तपाईंको आम्दानी र सम्पत्तिको आधारमा तपाईंले तर्नि रकम)।

प्रत्येक त्रैमासिकको लागि तपाईंको बजेट निश्चित हुन्छ। तपाईंको त्रैमासिक बजेटको 10% वा $1,000 (जुन बढी हुन्छ) जुन खर्च हुँदैन, त्यो मात्र अर्को त्रैमासिकमा सारिनेछ।

तपाईंको एजकेयर आवश्यकताहरू पूरा गर्न तपाईंको बजेट व्यवस्थापन गर्न तपाईंले आफ्नो प्रदायकसँग काम गर्नुहुनेछ।

## हेरचाह व्यवस्थापन

तपाईंको प्रदायकले कम्तिमा महिनाको एक पटक हेरचाह व्यवस्थापन सेवाहरू तपाईंलाई प्रदान गर्नेछ। हेरचाह व्यवस्थापनले तपाईंले प्राप्त गर्ने सेवाहरूले तपाईंका आवश्यकता, लक्ष्य र प्राथमिकताहरू पूरा गर्दछन् भन्ने सुनिश्चित गर्दछ।

यदि तपाईंले निरन्तर सेवाहरू प्राप्त गर्नुहुन्छ भने हेरचाह व्यवस्थापनको लागि तपाईंको त्रैमासिक बजेटबाट 10% रकम कटौती गरिनेछ। यो तपाईंको प्रदायकलाई हेरचाह व्यवस्थापन सेवाहरू प्रदान गर्न छुट्याइएको हो।

यदि तपाईंले पुनर्स्थापनात्मक हेरचाह मार्ग वा जीवन-अन्त्यको मार्ग अन्तर्गत सेवाहरू प्राप्त गर्नुहुन्छ भने तपाईंको छोटो-अवधि बजेट हेरचाह व्यवस्थापन सेवाहरूको लागि प्रयोग गरिनेछ।

## मूल्यहरू

प्रदायकहरूले तपाईंको सेवा सम्झौतामा उनीहरूले तपाईंलाई प्रदान गर्ने सेवाहरूको मूल्य समावेश गर्नुपर्छ। यदि कुनै प्रदायकले तपाईंलाई मेरो एजकेयर (My Aged Care) वा उनीहरूको वेबसाइटमा प्रकाशित गरेको मूल्यभन्दा फरक मूल्य लिने प्रस्ताव गर्छ भने, तपाईंले यो मूल्य र तपाईंको सेवा सम्झौताको मूल्यमा फरक हुनुको कारणमा सहमत हुनुपर्छ।

तपाईंको सेवा सम्झौतामा सूचीबद्ध प्रत्येक सेवाको मूल्यले त्यो सेवा प्रदान गर्ने सम्पूर्ण लागत प्रतिबिम्बित गर्नुपर्छ। मूल्यमा निम्न कुराहरू समावेश हुन सक्छ:

- तपाईंको एजकेयर कामदारहरूको तलब
- प्रशासन र सञ्चालन खर्च
- यातायात
- उप-ठेक्का।

तपाईंको प्रदायकले प्याकेज व्यवस्थापन वा यात्राको लागि छुट्टै शुल्क लिन मिल्दैन।

प्रत्येक प्रदायकले मेरो एजकेयर (My Aged Care) वेबसाइटमा उनीहरूले प्रदान गर्ने सेवाहरूको लागि सबैभन्दा सामान्य मूल्य प्रकाशित गर्नुपर्छ।तपाईंले मेरो एजकेयर (My Aged Care) वेबसाइटमा रहेको **MyAgedCare.gov.au/Find-A-Provider** मा रहेको 'Find a Provider' खण्ड प्रयोग गरेर मूल्य निर्धारण बारे जानकारी लिन र तुलना गर्न सक्नुहुन्छ।

घरमै सहायता (Support at Home) को मूल्य उचित र पारदर्शी होस् भनेर सरकारले सुरक्षा व्यवस्था गरेको छ। थप जान्न **MyAgedCare.gov.au/Support-Home-Program** मा जान्नुहोस्।

## सहभागीका योगदानहरू

तपाईंले प्राप्त गर्ने सेवाहरूमा मात्र योगदान रकम तिर्नु हुनेछ।

सरकारले नर्सिङ र फिजियोथेरापी जस्ता क्लिनिकल हेरचाहलाई पूर्ण रूपमा अनुदान कोष दिनेछ। यी सेवाहरूको लागि तपाईंले योगदान रकम दिन आवश्यक पर्दैन।

तपाईंको योगदानको स्तर प्राप्त सेवाको प्रकार र तपाईंको आम्दानी र सम्पत्ति अनुसार फरक हुनेछ।

तपाईंको योगदान दर निर्धारण गर्न सर्भिसेस अष्ट्रेलियाले पेन्सन उमेर आर्थिक हैसियत परीक्षण जस्तै आय र सम्पत्ति मूल्याङ्कन सञ्चालन गर्नेछ।

- पूर्ण पेन्सन पाउनेहरूले सबैभन्दा थोरै योगदान गर्नेछन्।
- आंशिक पेन्सन पाउने व्यक्ति र कमनवेल्थ सिनियर्स हेल्थ कार्ड धारकहरूले आफ्नो आय र सम्पत्तिको मूल्याङ्कनको आधारमा मापन गरिएको योगदान गर्नेछन्।
- कमनवेल्थ सिनियर्स हेल्थ कार्डको लागि योग्य नभएका पूर्ण रूपमा स्व-वित्त पोषित सेवानिवृत्तहरूले सबैभन्दा बढी योगदान गर्नेछन्।

यदि तपाईंले उपयुक्त आम्दानी सहायता भुक्तानी प्राप्त गर्नुहुन्छ भने, सर्भिसेस अष्ट्रेलिया वा डिपार्टमेन्ट अफ भेटेरन्स अफेयर्स (DVA) सँग पहिले नै तपाईंको वित्तीय विवरणहरू हुन सक्छन्। तपाईंको एजकेयर सेवाहरू सुरु गर्नु अघि तपाईंले आफ्नो वित्तीय विवरणहरू अद्यावधिक छन् भनी सुनिश्चित गर्नुपर्नेछ।

यदि सर्भिसेस अष्ट्रेलियासँग तपाईंको हालको वित्तीय विवरणहरू छैनन् भने(अर्थात् पेन्सन नभएको व्यक्ति), तपाईंले आय र सम्पत्ति मूल्याङ्कन पूरा गर्नु पर्नेहुन्छ।

सर्भिसेस अष्ट्रेलियाको वेबसाइटमा गएर तपाईंले आर्थिक हैसियत मूल्याङ्कन पूरा गर्नुपर्छ कि पर्दैन भनेर पुष्टि गर्नुहोस्: **ServicesAustralia.gov.au/Aged-Care-Calculation-Your-Cost-Care**

यदि तपाईंले आफ्नो आम्दानी र सम्पत्तिको जानकारी सर्भिसेस अष्ट्रेलियालाई प्रदान गर्नुभएन भने, तपाईंको योगदान अधिकतम दरमा तय गरिनेछ।

तपाईंले आफ्नो योगदानमा असर पार्न सक्ने कुनै पनि वित्तीय स्थितिमा परिवर्तनहरू भएको 14 दिन भित्र सर्भिसेस अष्ट्रेलियालाई बताउनुपर्छ।

तपाईंलाई भुक्तानी गर्न अनुरोध गर्न सकिने योगदान रकमहरूको अनुमान प्राप्त गर्न, **MyAgedCare.gov.au/Support-At-Home-Fee-Estimator** मा घरमै सहायता शुल्क अनुमानक प्रयोग गर्नुहोस्।

तपाईंको नियन्त्रण बाहिरका कारणहरूले गर्दा, तपाईं योगदान गर्न सक्नुहुन्न भने वित्तीय कठिनाई सहायताले तपाईंलाई मद्दत गर्न सक्छ। थप जान्न **MyAgedCare.gov.au/Financial-Hardship-Assistance** मा जानुहोस्।

यदि तपाईंसँग आम्दानी र सम्पत्ति मूल्याङ्कनको बारेमा प्रश्नहरू छन् भने **सर्भिसेस अष्ट्रेलिया** लाई **1800 227 475** मा फोन गर्नुहोस्।

## मासिक विवरणहरू

तपाईंको प्रदायकले तपाईंलाई निम्न कुराहरू देखाउन तपाईंलाई मासिक विवरणहरू जारी गर्न आवश्यक छ:

- घरमै सहायता (Support at Home) सेवामा कति खर्च भएको छ?
- प्रदान गरिएका सेवाहरूको लागि योगदान र लागत
- महिनाको लागि तपाईंको बाँकी बजेट।

## यदि मलाई दोभाषे आवश्यक परेमा के गर्ने?

यदि तपाईंलाई दोभाषे चाहिन्छ भने, आफ्नो प्रदायकलाई **अनुवाद तथा दोभाषे सेवा** (TIS National) लाई **131 450** मा फोन गरेर यसको व्यवस्था गर्न भन्नुहोस्। TIS National ले 150 भन्दा बढी भाषाहरूमा टेलिफोन वा स्थलगत दोभाषे सेवाहरू प्रदान गर्दछ। तपाईंको सेवा सम्झौतामा तपाईंको प्रदायकसँग काम गर्दा यो नि:शुल्क हुन्छ।

DT0004879-1025

यस प्रकाशनमा भएका सबै जानकारी 1 नोभेम्बर 2025 देखि ताजा रहन्छ।

### मद्दतको लागि

**MyAgedCare.gov.au** मा हेर्नुहोस्।
फोन **1800 200 422**।

व्यक्तिगत रूपमा: सर्भिसेस अष्ट्रेलिया सेवा केन्द्रमा जानुहोस् वा सामान्य जानकारी र सहयोगको लागि निःशुल्क आमने-सामनेको अपोइन्टमेन्टको लागि अनलाइनमा बुक गर्नुहोस्। विस्तृत सहयोगको लागि, यदि तपाईंको क्षेत्रमा एजकेयर विशेषज्ञ अधिकारी भएमा, उनीसँग कुरा गर्न सक्नुहुन्छ वा भिडियो च्याट गर्न सक्नुहुन्छ।

**ServicesAustralia.gov.au/My-Aged-Care-Face-To-Face-Services** मा जानुहोस् वा **1800 227 475** निःशुल्क फोन गर्नुहोस्।